समितिको काम, कर्तव्य र अधिकारः—

(१) नगर विकास समिति ऐन, २०१९ ले दिएको अधिकार प्रयोग गरी स्वीकृत योजना कार्यान्वयन गर्ने ।

(२) स्वीकृत गुरु योजनामा कुनै परिवर्तन वा हेरफेर गर्नु परेमा आवास, भवन तथा भौतिक परियोजना विभागमार्फत श्री ५ को सरकारको स्वीकृति लिएर मात्र गर्ने ।

(३) गुरु योजना अनुसार विशेष नियन्त्रणसम्बन्धी नीति तथा मापदण्ड आवास, भवन तथा भौतिक परियोजना विभागको सहयोगमा निर्धारण गरी कार्यान्वयन गर्ने ।

आज्ञाले—
ज्ञानप्रसाद शर्मा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

निर्माण तथा यातायात मन्त्रालयको

सूचना

श्री ५ को सरकारले नगर विकास समिति ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिम अध्यक्ष र सदस्यहरू भएको तुल्सीपुर (दाङ) नगर विकास समिति गठन गरेको छ ।

समितिको गठनः—

(क) अञ्चलाधीश, राप्ती अञ्चल—	अध्यक्ष
(ख) सभापति, दाङ जिल्ला पञ्चायत—	सदस्य
(ग) प्रमुख जिल्ला अधिकारी, जिल्ला कार्यालय, दाङ—	सदस्य
(घ) प्रतिनिधि, आवास, भवन तथा भौतिक परियोजना विभाग—	सदस्य
(ङ) इन्जिनीयर, सार्वजनिक निर्माण शाखा, दाङ—	सदस्य
(च) पञ्चायत, वर्गीय सङ्गठन तथा सामाजिक क्षेत्रमा योगदान भएका व्यक्तिहरूमध्येबाट समितिको अध्यक्षले मनोनीत गरेका बढीमा ५ जना व्यक्ति—	सदस्य
(छ) प्रधानपञ्च, तुल्सीपुर गाउँ पञ्चायत—	सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिको काम, कर्तव्य र अधिकारः–

(१) नगर बिकास समिति ऐन, २०१६ ले दिएको अधिकार प्रयोग गरी स्वीकृत योजना कार्यान्वियन गर्ने ।

(२) स्वीकृत गुरु योजनामा कुनै परिवर्तन बा हेरफेर गर्नु परेमा आवास, भवन तथा भौतिक परियोजना विभागमार्फत श्री ५ को सरकारको स्वीकृति लिएर मात्र गर्ने ।

(३) गुरु योजना अनुसार निषेध नियन्त्रणसम्बन्धी नीति तथा मापदण्ड आवास, भवन तथा भौतिक परियोजना विभागको सहयोगमा निर्धारण गरी कार्यान्वियन गर्ने ।

आज्ञाले–
ज्ञानप्रसाद शर्मा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

286